नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार बिभाग

गौर भन्सार कार्यालय

प.सं :- २०८३/०८४

च.नं :-

फोन नं-०५५-५२०११०

मिति- २०८३/०६/१९

भन्सार नियमावली,२०८३ को नियम ८६(७) बमोजिम खुलाबोलकबोलद्वारा आह्वान गरिएको विभिन्न मालवस्तु लिलाम बिक्री सम्बन्धी ७ दिने पुनः सूचना

सूचना प्रकाशित मिति :- २०८३/०६/१९ गते

लिलाम हुने मिति :-२०८३/०६/२६ गते सोमबार

विभिन्न निकायहरुको प्रतिवेदनले चोरी पैठारी/निकासी अभियोगमा यस कार्यालयमा दाखिला भएका तपसिलमा उल्लेखित मालवस्तुहरु यस कार्यालयको गोदाममा जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा खुला बोलकबोलद्धारा एकमुष्ट लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म तथा संस्थालाई डांक बढाबढमा भाग लिनको लागि यो ७(सात) दिने सार्वजनिक सूचना जारी गरिएको छ। मिति २०८३/०६/२६ गते सोमबारका दिन ११:०० बजे देखी १२:०० बजे सम्म यस कार्यालय परिसरमा खुलाबोलकोलद्वारा लिलाम बढाबढ हुनेछ। लिलाम हुने मालवस्तु हेर्न चाहेमा यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी प्रत्येक हप्ताको शुक्रवार कार्यालय समय भित्र हेर्न सकिनेछ। लिलाम बढाबढमा भाग लिनभन्दा अघि नै न्युनतम मूल्यको १० प्रतिशतले हुने नगद धरौटी रकम र आवस्यक कागजात (ईजाजत पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, आ.व. २०८१/८२ को करचुक्ताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, सम्बन्धित फर्मवाला उपस्थित हुन नसकेमा लिखित मन्जुरीनामा) सहित नाम टिपाउन पर्नेछ र कबोल अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ। उक्त धरौटी रकम बोलकवोलको कार्य समाप्त भएपछि सम्बन्धित कबोलदाताको नामबाट यस कार्यालयको धरौटी खातामा जम्मा गरिनेछ। भन्सार नियमावली २०८३ को नियम ८६(२) तथा ८६(३) बमोजिम रीतपूर्वक लिलाम बढाबढमा सहभागी मध्ये न्युनतम मूल्य भन्दा माथि सबैभन्दा बढी कबोल गर्ने व्यक्ति, फर्म तथा संस्थाको कबोल रकम स्वीकृत गर्न सकिनेछ। कबोल गर्ने व्यक्ति, फर्म तथा संस्थाले आफुले कबोल गरेको रकम र सोमा प्रचलित कानून बमोजिम लाग्ने कर समेत (लाग्ने भए) को जम्मा रकम भन्सार नियमावली २०८३ को नियम ८६(४) बमोजिम सात दिन भित्र बुझाई उक्त मालवस्तुहरु उठाई लैजानु पर्नेछ। उपरोक्त बमोजिम मालवस्तु उठाई नलगेमा भन्सार नियमावली २०८३ को नियम ८६(५) बमोजिम कारवाही अगाडी बढाईने। डांक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं | मुद्दा नं | दायरी मिति | पक्राउ भएको मालवस्तुको विवरण | |
|---|---|---|---|---|
| | | | मालवस्तुको नाम र परिमाण | न्युनतम मूल्य |
| १ | ६१३ | २०८३/०२/२८ | तरबुजको विउ(Watermelon seeds) ३२२ बोरा अन्दाजी १२,८८० केजी (विउको रुपमा प्रयोग गर्न नपाइने) | ४५०८००० |
| | | | कुल जम्मा | ४५०८००० |

०८३/६/१९

भन्सार अधिकृत